शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल

प्रमाणित प्रतिलिपि

**<u>मिति २०८१/७/१३ गतेको नगरकार्यपालिका बैठकको प्रस्तावहरु</u>**

१. विपद् अर्न्तगत नदीजन्य पदार्थ निकाल्ने सम्बन्धमा ।
२. सुपा देउराली मन्दिर सिमाना सम्बन्धमा ।
३. झो पु. प्राथमिकीकरण सम्बन्धमा ।
४. वडा तथा नगरको सेवा प्रवाहको समिक्षा सम्बन्धमा ।
५. विविध सम्बन्धमा ।

**<u>निर्णय नं. १</u>**

प्रस्ताव नं. २ माथि छलफल गर्दा शितगंगा नगरपालिका वडा नं. ११ र १२ मा पर्ने गुडरुङ्ग खोला रानीकुवा घाटमा निर्माणाधिन मोटरेवल पुल क्षेत्रमा जम्मा भएको नदिजन्य पदार्थ तत्काल हटाउनु पर्ने भएकोले हटाई दिन भनि सडक पूर्वाधार विकास कार्यालय अ.खा.बाट लेखि आएकोमा उक्त नदीजन्य पदार्थ हटाउने सम्बन्धि नगर विपद् व्यवस्थापन समिति तथा नगर कार्यपालिको बैठकबाट निर्णय गरी जिल्ला विपद् व्यवस्थापन समितिमा माग गरिएकोमा मिति २०८१/५/२५ गतेको जिल्ला विपद् व्यवस्थापन समितिबाट शितगंगा नगरपालिका ११ र १२ को सिमानामा पर्ने गुड्रुङ्ग खोला रानीकुवा घाटमा निर्माणाधिन मोटरेवल पुलको तलपट्टी नदीजन्य पदार्थ थुप्रिन गई निर्माणाधिन पुल र बस्तीलाई समेत जोखिममा परेको हुँदा उक्त नदीजन्य पदार्थ उपयुक्त साधनको प्रयोग गरी हटाउन र बस्तीलाई संरक्षण गर्न शितगंगा नगरपालिकालाई अनुमती दिने भनि निर्णय भई आएको अवस्था छ ।

प्रदेश पूर्वाधार विकास प्राधिकरण दाङको च.नं. ६० मिति २०८१/७/८ गतेको पत्रबाट प्रदेश सरकारको गौरवको आयोजना लुम्बिनी प्रादेशिक अस्पताल निर्माणको लागि १०००० (दस हजार) घन मिटर नदीजन्य निर्माण सामाग्री त्यस न.पा.को वडा नं. ११ गुडरुङ्ग खोलाबाट निर्माण कम्पनी CAPACITR- ASHISH-RELIGARE J/V KUPANDOL, LALITPUR NEPAL लाई उपलब्ध गराई दिन भनि सिफारिस गरेकोमा उक्त निर्माण कम्पनीले समेत माग गरी निवेदन दिएकोले प्राविधिक नापबाट पुल तथा वस्ती संरक्षणको लागि निकाल्नु पर्ने भनि प्रतिवेदनमा उल्लेखित ७८१५ घ.मी. नदीजन्य पदार्थ प्रदेश सरकारको आर्थिक ऐनमा नदीजन्य पदार्थको तोकिएको दरमा राजश्व लिई तोकिएको क्षेत्रमा मेशिन प्रयोग गरी तोकिएको परिमाण उत्खनन् गरी लैजान निर्माण कम्पनीलाई दिने निर्णय गरियो ।

**<u>निर्णय नं. २</u>**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. २ को च.नं. २४१ मिति २०८१/७/८ गतेको पत्रसाथ प्राप्त वडा समितिको सर्वपक्षिय उपस्थिति सहितको बैठकबाट सुपादेउराली मन्दिर साविक सितापुर गाविस वडा नं. ६ र ७, साविक खाँचीकोट गाविस वडा नं. १ र ९ बिचमा पर्ने र सोही बमोजिम खाँचीकोट तथा सितापुर गाविसले ६/६ महिना भेटी संकलन गर्दै आएको र साध सिमाना मन्दिरको मुल ढोकालाई मान्दै आएकोमा परापूर्व काललेखि स्थापित भएका नजिर सोही क्षेत्रको सिद्धखोल्टी मन्दिर शिनपा २ मा पर्ने, सोही क्षेत्रको पलाचौर सामुदायिक वन शिनपा २ मा पर्ने, सुपा भन्ने स्थान नै शिनपा २ मा पर्ने सोही नामबाट

मन्दिरको नामाकरण समेत भएको, पुजाआजा शिनपा २ का खनालहरुबाटै हुदै आएको र साविकका दुवै गाविसले तयार गरी लागु गरेको विधान र दुवै नगरपालिकाका नगर प्रमुख संरक्षक रहने गरी पछी निर्माण गरेको विधान समेतका आधारमा सुपा देउराली मन्दिर मुलढोकाको बिचबाट सन्धिखर्क र शितगंगा नगरपालिकाको सिमाना पर्ने भएकोले सोही बमोजिम नक्सा निर्माणको लागि भनि निर्णय भई आएकोमा उल्लेखित प्रमाणको आधारमा सुपादेउरालीको मुलढोकालाई साध सिमाना कायम हुने गरी नक्सा निर्माण गर्न शितगंगा र सन्धिखर्क नगरपालिकाका नगरप्रमुख तथा उपप्रमुखहरुले आवश्यक समन्वय गरी विशेष नापी कार्यालय अर्घाखाँचीलाई निर्देशन गर्ने र आवश्यक सहजिकरणको लागि जिल्ला प्रशासन कार्यालय अर्घाखाँचीमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा स्थानीय पूर्वाधार विभाग झोलुङ्गेपुल शाखाको च.नं. ९५ मिति २०८१७८ को पत्रबाट प्राथमिकताको आधारका झोलेङ्गपुल माग गर्ने भनि लेखि आएकोले निम्न बमोजिमको प्राथमिकताको आधारमा झो.पु. माग गर्ने निर्णय गरियो ।

**तपशिल**

**छोटो दुरीको झोलुङ्गे पुल तर्फ**

| प्राथमिकता कम | जिल्ला | स्थानीय तहको नाम | वडा नं. | स्थान | नदी खोलाको नाम | प्रस्तावित झो.पु.को नाम | अनुमानित लम्बाई ( मि.) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | अर्घाखाँची | शितगंगा | ९ | सिलिङ्गखोला | सिलिङ्गखोला | बाखेनेटा रंगले झो.पु. | ४० | |
| २ | अर्घाखाँची | शितगंगा | १ | बडहरे | बडहरे | बडहरे घाट झो.पु. | ४० | |
| ३ | अर्घाखाँची | शितगंगा | १० | दमार | दमार | दमार गाईघाट झो.पु. | ४५ | |
| ४ | अर्घाखाँची | शितगंगा | ६ | पिपलकारुख | पिपलखोला | पिपलका रुख झो.पु. | ४० | |
| ५ | अर्घाखाँची | शितगंगा | ११ | झिगें | झिगेंखोला | झिगेंखोला झो.पु. | ४० | |
| ६ | अर्घाखाँची | शितगंगा | ११ | अगिया | अगिया खोला | दुमैघाट अगिया खोला झो.पु. | ९० | |
| ७ | अर्घाखाँची | शितगंगा | १० | सैले | सैलेखोला | सैलेखोला झो.पु. | ४५ | |
| ८ | अर्घाखाँची | शितगंगा | ९ | आकाशे | सिलिङ्गखोला | आकाशे झो.पु. | ७५ | |
| ९ | अर्घाखाँची | शितगंगा | ९ | ठाडाखोला | ठाडाखोला | वाल प्रा.वि. घाट झो.पु. | ४० | |
| १० | अर्घाखाँची | शितगंगा | ११ | दर्लामीघाट | सेराखोला | सेराखोला दर्लामी घाट झो.पु. | ४५ | |
| ११ | अर्घाखाँची | शितगंगा | १३ | ढाँडखोला | ढाँडखोला | ढाँडखोला ट्रस बृज | ३० | |
| १२ | अर्घाखाँची | शितगंगा | ४ | बाजागरा | भावेनीखोला | बाजागरा भाविन खोला झो.पु. | ५० | |
| १३ | अर्घाखाँची | शितगंगा | ११ | वेलखोला | वेलखोला | वेलखोला झो. पु. | ३० | |
| १४ | अर्घाखाँची | शितगंगा | ५ | बभेङ्ग | बभेङ्गखोला | बभेङ्गखोला झो.पु. | २० | |
| १५ | अर्घाखाँची | शितगंगा | १३ | बाँध | बाँधखोला | बाँधखोला झो. पु. | ४० | |
| १६ | अर्घाखाँची | शितगंगा | १४ | बठेनी | बठेनीखोला | बठेनी ट्रस बृज | २५ | |
| १७ | अर्घाखाँची | शितगंगा | ३ | झग्राहा | सितखोला | सितखोला झग्राहा झो.पु. | ३० | |
| १८ | अर्घाखाँची | शितगंगा | ७ | कल्लेरी | पाखाचौर | कल्लेरी पाखाचौर ट्रष्टबृज | ३० | |
| १९ | अर्घाखाँची | शितगंगा | १० | झाते | कुसुमखोला | झाते झो.पु. | ४० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २० | अर्घाखाँची | शितगंगा | १२ | तारिके | तारिकेखोला | तारिकेखोला झो.पु. | २० | |
| २१ | अर्घाखाँची | शितगंगा | १ | मसानघाट | गंगाखोला | मसानघाट ट्रष्टबृज | ६० | |
| २२ | अर्घाखाँची | शितगंगा | ५ | पलाटे | सितखोला | फलाटे झो.पु. | ८० | |
| २३ | अर्घाखाँची | शितगंगा | २ | बडाचौर | सितखोला | बडाचौर सिख झो. पु. | ७५ | |
| २४ | अर्घाखाँची | शितगंगा | १० | काठेखोला | काठेखोला | काठेखोला ट्रष्टबृज | २५ | |
| २५ | अर्घाखाँची | शितगंगा | ११ | दुमनडाँडा | काठेखोला | दुमनडाँडा झो.पु. | ३० | |
| २६ | अर्घाखाँची | शितगंगा | १४ | भालुखोला | भालुखोला | भालुखोला झो.पु. | ३० | |
| २७ | अर्घाखाँची | शितगंगा | ११ | फोर्सल | फोर्सल | पोर्सलखोला झो.पु. | ४० | |
| २८ | अर्घाखाँची | शितगंगा | १० | पधेरा | पधेरा खोला | पधेरा खोला झो.पु. | ३५ | |
| २९ | अर्घाखाँची | शितगंगा | ११ | ढुङ्गेसेरा | चारपाई खोला | ढुङ्गेसेरा झो.पु. | ३० | |
| ३० | अर्घाखाँची | शितगंगा | १० | गाईखाए | गाईखाए | दमार गाईखाए झो.पु. | ८० | |
| ३१ | अर्घाखाँची | शितगंगा | ५ | पिपलकारुख | बङसारीखोला | ठूलाखोला पिपलका रुख झोपु. | ३० | |
| ३२ | अर्घाखाँची | शितगंगा | ६ | बङसारी | बङसारीखोला | बङसारी पिपलकारुख झो.पु. | ४० | |
| ३३ | अर्घाखाँची | शितगंगा | १ | बडहरे | गंगा खोला | हनुवा बडरे झो.पु. | ७० | |
| ३४ | अर्घाखाँची | शितगंगा | १ | मन्द्रे | मन्द्रेखोला | शेरा वगालेखेत झो.पु. | ४० | |
| ३५ | अर्घाखाँची | शितगंगा | ११ | दर्लामीघाट | शेराखोला | दर्लामी घाट झो. पु. | ४० | |
| ३६ | अर्घाखाँची | शितगंगा | ७ | पाखाचौर | चेवखोला | कल्लेरी पाखाचौर ट्रस बृज | ३० | |
| ३७ | अर्घाखाँची | शितगंगा | १२ | पधेरे | पधेरेखोला | पधेरेखोला झो.पु. | ३० | |
| ३८ | अर्घाखाँची | शितगंगा | १० | झाँते | कुसुमखोला | झाँते झो. पु. | ४० | |
| ३९ | अर्घाखाँची | शितगंगा | ७ | फुर्सा | सितखोला | फुर्सा झो. पु. | ८० | |
| ४० | अर्घाखाँची | शितगंगा | ७ | ढुङ्गे | ढुङ्गेखोला | ढुङ्गे ट्रस बृज | २५ | |
| ४१ | अर्घाखाँची | शितगंगा | ९ | धो खोला | धो खोला | धो खोला झो.पु. | ३० | |
| ४२ | अर्घाखाँची | शितगंगा | १३ | बाधखोला | बाधखोला | बाधखोला झो.पु. | ४० | |
| ४३ | अर्घाखाँची | शितगंगा | ९ | रङ्गसिङ | रङ्गसिङ खोला | दमारखेत झो.पु. | ८० | |
| ४४ | अर्घाखाँची | शितगंगा | ९ | खारघाट | रङ्गसिङ खोला | खारघाट झो.पु. | ९० | |
| ४५ | अर्घाखाँची | शितगंगा | ९ | मथुराखोला | मथुराखोला | बराहदह झो.पु. | ४० | |

## लामो दुरीको झोलुङ्गे पुल तर्फ

| प्राथमिकता कम | जिल्ला | स्थानीय तहको नाम | वडा नं. | स्थान | नदी खोलाको नाम | प्रस्तावित झो.पु.को नाम | चाहिने झो.पु.को अनुमानित लम्बाई ( मि.) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | अर्घाखाँची | शितगंगा | ३ | ठाडा पद्मे | सितखोला | ठाडा पद्मे पर्यटकीय झो.पु. | ८०० | |
| २ | अर्घाखाँची | शितगंगा | ७ | द्वारे | राप्ती नदी | द्वारे झो.पु. | २०० | |
| ३ | अर्घाखाँची | शितगंगा | २ | देउराली घोरवन्दा | देउराली खोला | देउराली घोरवन्दा पर्यटकीय झो.पु. | ५३० | |
| ४ | अर्घाखाँची | शितगंगा | २ | कोडाडा ठूलाखक | पाकुरीखोला | कोडाडा ठूलाखर्क झो. पु. | ४०० | |
| ५ | अर्घाखाँची | शितगंगा | ७ | भालुखोला | राप्ती नदी | सिम्ले भालुखोला झो. पु. | १५० | |
| ६ | अर्घाखाँची | शितगंगा | २ | सितखोला | सितखोला | सितखोला झो.पु. | ३५० | |
| ७ | अर्घाखाँची | शितगंगा | १३ | ढाड सुखौरा | सुखौरा | ढाड सुखौरा खोला झो.पु. | १५० | |
| ८ | अर्घाखाँची | शितगंगा | २ | पातलटोल फलाचौर | देउराली खोला | पातलटोल फलाचौर | १५० | |
| ९ | अर्घाखाँची | शितगंगा | ९ | नयाँबस्ती जावुने | रङ्गसिङ | नयाँबस्ती जावुने झो.पु. | १३० | |
| १० | अर्घाखाँची | शितगंगा | १ | वगालेखेत | मन्द्रेखोला | सेरा मन्द्रेखोला वगालेखेत झो.पु. | १५० | |

प्रतिलिपी

**निर्णय नं. ४**

प्रस्ताव नं ४ माथि छलफल गर्दा गर्दा यस नगरपालिकाको कार्यालय र वडा कार्यालयबाट प्रदान भईरहेको सेवा प्रवाहको विषयमा छलफल भयो । सेवा प्रवाहलाई थप सहज र व्यवस्थित बनाउदै जनताले सहज रुपमा सेवा प्राप्त गर्ने गरी नगरपालिकाको कार्यालय तथा वडा कार्यालयहरुबाट कार्य गर्ने । सेवा प्रवाहको लागि मुख्यत निम्न बमोजिमको कार्यलाई व्यवस्थित गर्ने निर्णय गरियो ।

**वडा कार्यालयहरु तर्फ**

क) वडा अध्यक्ष कुनै कारणले केही दिन कार्यालयमा उपस्थित नभएमा जिम्मेवारी तोकी लिखित रुपमा कार्यवाहक दिने र सो को बोधार्थ यस कार्यालयलाई समेत दिने ।

ख) वडा कार्यालयमा खटाईएको वडा सचिव, वडा प्राविधिक, एक गाउँ एक प्रविधिक र कार्यालय सहयोगी लगायतका कर्मचारीहरुको कार्यालयमा उपस्थितिलाई नियमित र व्यवस्थित बनाउने, वडा सचिव लगायतका कर्मचारीहरु विदा काज वस्नु पर्ने अवस्था भएमा यस कार्यालयसँग समन्वय गरी बैकल्पिक व्यवस्था मिलाई वडा सचिवको विदा वडा अध्यक्षले सिफारिस गरी यस न.पा. कार्यालयबाट र अन्य कर्मचारीहरुको विदा वडा सचिवले स्वीकृत गराई बस्ने व्यवस्था मिलाउने । सो को जानकारी यस कार्यालयलाई लिखित रुपमा दिने ।

ग) कार्यालयबाट जनतालाई प्रदान गर्ने सेवालाई थप व्यवस्थित र सहज बनाउन कर्मचारीको उपलब्धतालाई मध्यनजर गरी सकेसम्म हेल्प डेक्सको स्थापना गर्ने ।

घ) कार्यालयमा उपस्थित हुँदा कर्मचारीहरुले अनिवार्य तोकिएको पोशाक तथा कर्मचारी परिचयपत्र लगाउनु पर्ने । सेवा ग्राहीलाई सेवा प्रदान गर्दा मुस्कान सहितको सेवा प्रदान गर्ने ।

ङ) वडा कार्यालयमा सरसफाई लगायत सूचना पाटी, गुनासो पेटीका, नागरिक वडापत्र लाई व्यवस्थित गर्ने ।

च) सवै वडाहरुमा कलर प्रिन्टरको व्यवस्था, नेट लाई सवै वडाहरुमा व्यवस्थित गर्नु पर्ने र इनभटर तथा व्यट्री समेतलाई सबै वडामा चालु अवस्थामा ल्याउने व्यवस्था मिलाउने ।

**नगरपालिकाको कार्यालय तर्फ**

क) नगरपालिकामा हेल्पडेक्स व्यवस्थित गर्ने, सोधपुछ कक्षको स्थापना गर्ने, गुनासो सुन्ने अधिकारी तोक्ने र सेवा प्रवाह सेवा ग्राहिले अनुभुती गर्ने गरी सहज, छिटो, चुस्त गराउन आवश्यक व्यवस्थापन गर्ने ।

ख) कार्यालयमा सरसफाई लगायत सूचना पाटी, गुनासो पेटीका, सार्वजनिक सुनुवाई, डिजिटल सुचना प्रणाली, नागरिक वडापत्रलाई व्यवस्थित गर्ने ।

ग) कर्मचारीले मुस्कान सहितको सेवा प्रवाह गर्ने वातावरणको श्रृजना गर्ने र अनिवार्य रुपमा पोशाक लगाउने व्यवस्था मिलाउने साथै खाजा खाने समय भन्दा बाहेकको समयमा कर्मचारी शाखामा बसी सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने ।

शिवसता नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रमाणित प्रतिलिपि

घ) सेवा प्रवाहलाई अझ व्यवस्थित बनाउने, आवश्यक प्रकृया पुरा गरी पेश भएका सबै कार्य र सेवाहरुको शाखासँग सम्बन्धित शाखाले सोही दिन सम्पादन गर्ने गरी कार्य गर्ने व्यवस्था मिलाउने ।

(ङ) जिन्सी प्रणालीलाई व्यवस्थित गर्नको लागि नेपाल सरकारले उपलब्ध गराएको Pams 2 Software पूर्ण रुपमा संचालनमा ल्याई कार्य गर्ने ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा बैठकमा आएका प्रस्तावहरु माथि छलफल भई तपशिल बमोजिम गर्ने निर्णय गरियो ।

**(क)** प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत आ.व. २०८१/०८२ का लागि न्यूनतम रोजगारी प्राप्त गर्न यस नगरपालिका भित्रबाट आवेदन दिएका बेरोजगार व्यक्तिहरुको विवरण रोजगार सूचना प्रणालीमा प्रबिष्ट भएअनुसार ३७३ जना पुरुष र ५०७ जना महिला गरी जम्मा ८८० जना सुचिकृत बेरोजगारहरुको सूची प्रकाशन गर्ने ।

**(ख)** वडा नं. १० मा भएको निःशुल्क स्वास्थ्य शिविर संचालन गर्दा अथिति सत्कारमा भएको खर्च रु २५०००।- विभिन्न शिविर संचालन शिर्षकमा रहेको रकमबाट भुक्तानी दिने ।

**(ग)** शिनपा ९ निवासी निर्मला गन्धर्वलाई रु १००००।- र शिनपा २ निवासी पुनकला दर्जिलाई रु १५०००।- उपचारको लागि आर्थिक सहयोग उपलब्ध गराउने ।

**(घ)** यस नगरपालिकाको शिक्षा नियमावली, २०७७ को नियम १०३ को (ख) मा धर्म, सम्प्रदाय, जनजाति, लिङ्ग, भाषा, वर्ग, क्षेत्र वा सम्प्रदायको आधारमा घृणा वा द्वेष उत्पन्न हुने कुनै क्रियाकलापमा भाग लिन बन्देज नरहने भन्ने भएकोमा सो लाई संसोधन गरी धर्म, सम्प्रदाय, जनजाति, लिङ्ग, भाषा, वर्ग, क्षेत्र वा सम्प्रदायको आधारमा घृणा वा द्वेष उत्पन्न हुने कुनै क्रियाकलापमा भाग लिन बन्देज रहने बनाउने ।

**(ङ)** मिति २०८१/५/३० गतेको कार्यपालिकाको बैठकको निर्णय नं. ६ को (ङ) को (ङ) मा कार्यालयले स्टोर लगायत नगर उपप्रमुख आवास प्रयोजनमा खर्च गरेको घरभाडालाई मितव्ययी बनाउने भनि निर्णय भएकोमा सो लाई संसोधन गरी कार्यालयले स्टोर प्रयोजनमा खर्च गरेको घरभाडालाई सकेसम्म मितव्ययी बनाउने भनि कायम गर्ने ।

**(छ)** मिति २०८१/६/१५ गते परेको अविरल वर्षाको कारण वडा नं. ३ अर्न्तगत पर्ने पोखेडाडाँ पदमे कोहल मोटर बाटोमा ठूलो पहिरो गई बाटोको लाईन परिर्वतन गर्नु पर्ने भएकोमा चालु आ.व.को लागि विनियोजित रकमबाट उक्त लाईन परिर्वतन गर्न नसकिने र गाडी संचालन बन्द भएको हुँदा वडा तर्फकै स्वीकृत कार्यक्रम अनुसार कोहल खानेपानी मोटर मर्मत शिर्षकमा रहेको रु १५००००।- लाई संसोधन गरी पोखेडाडाँ पदमे कोहल मो.वा. स्तरोन्नती तथा सितखोला पुट व्रिज निर्माण शिर्षकमा थप गरी विपद अर्न्तगत कार्य गराउने ।

(ज) यस नगरपालिका अर्न्तगत वडा नं. ११ को मोटर साईकल, वडा नं. ५ जुकेना स्वास्थ्य चौकी को एम्बुलेन्स र वडा नं. ९ लामिदमार स्वास्थ्य चौकीको एम्बुलेन्स विग्रीन गएकोले उक्त विग्रेका साधनहरु मर्मत गर्नको लागी लागत अनुमान तयार गर्ने र सामान्य कम खर्चमा मर्मत हुन सक्ने भएमा मात्रै मर्मत गरी न.पा. बाट भुक्तानी गर्ने ।